# पेसमेकर

## Pacemaker

A pacemaker is a small device that helps control your heart rate by:

- Speeding up the heart rate when it is too slow
- Slowing down the heart rate when it is too fast
- Helping the rhythm of the heart beat regularly – this is if you have a pacemaker combined with a defibrillator, also called an ICD

A pacemaker is placed in the chest during surgery. Wires called leads are put into the heart muscle. The device with the battery is placed under your skin, below your shoulder. When it is time for you to go home after surgery, an adult family member or friend needs to take you home. It is not safe for you to drive or leave alone. Have an adult stay with you at home for the first day after your surgery. Arrive on time for your appointment. The surgery will take 1 to 2 hours.

पेसमेकर एक सानो उपकरण हो जसले निम्न कार्यवाहीहरूद्वारा तपाईंको हृदय गतिलाई नियन्त्रण गर्नमा मद्दत गर्छ:

- हृदय गति अति नै सुस्त हुँदा गतिलाई बढाउँछ
- हृदय गति अति नै तीव्र हुँदा गतिलाई घटाउँछ
- नियमित रूपमा हृदयको धड्कनको लयात्मकता कायम राख्नमा मद्दत पुर्‍याउँछ – यो त्यतिबेला सम्भव हुन्छ जब तपाईंको पेसमेकरसित ICD पनि कहलाइने डीफिब्रिलेटर जडान गरिएको हुन्छ।

पेसमेकरलाई शल्यक्रिया मार्फत छातीमा स्थापित गरिन्छ। लिड्स कहलाइने तारहरूलाई हृदयको मांसपेशीभित्र प्रविष्ट गराइन्छ। यो उपकरणलाई ब्याटरीसहित तपाईंको काँधको तलतिर, त्वचा मुनि राखिन्छ। शल्यक्रिया पश्चात् तपाईंको घर जाने समय भएपछि, तपाईंलाई कुनै वयस्क पारिवारिक सदस्य वा मित्रले घर लैजानु आवश्यक छ। तपाईंले गाडी हाँक्नु वा तपाईंलाई एकलै छोड्नु सुरक्षित हुँदैन। शल्यक्रियापछिको प्रथम दिनमा कुनै वयस्कलाई घरमा तपाईंसित बस्न लगाउनुहोस्। तपाईंको एपोइन्टमेन्टको लागि ठीक समयमा आउनुहोस्। शल्यक्रियाको लागि 1-देखि 2 घण्टासम्मको समय लाग्नेछ।



## To Prepare

- Talk to your doctor if you take blood thinners or have diabetes. You may need to adjust or change your medicines for some time before the surgery.
- You may need to shower the evening before and the morning of your surgery with a special soap called CHG (4% chlorhexidine gluconate). It is sold in most pharmacies under the brand name of Hibiclens. Wash from your neck to your waist with this soap the night before your surgery and then again the morning of your surgery. Use 4 ounces (½ cup or 118 ml) of CHG soap each time you shower.
- Do not eat or drink anything, including water, after midnight before your surgery.
- Ask your doctor if you should take your medicines the morning of your surgery. If so, take with sips of water only.
- Do not smoke or use any tobacco products for at least 24 hours before your surgery.

## तयार गर्नको लागि

- यदि तपाईंले रगत पातलो बनाउने औषधि लिनुहुन्छ वा तपाईंलाई मधुमेह छ भने, आफ्नो डक्टरसित कुराकानी गर्नुहोस्। शल्यक्रियाभन्दा पहिले केही समयको लागि तपाईंले आफ्ना औषधिहरूको पुनः क्रम मिलाउने अथवा यसमा परिवर्तन गर्ने खाँचो पर्न सक्छ।
- तपाईंको शल्यक्रियाभन्दा पहिलेको साँझ तथा शल्यक्रिया हुने दिनको बिहान तपाईंले CHG (4%क्लोरहेक्सीडाइन ग्लुकोनेट) कहलाइने एक विशेष साबुनले नुहाउनु पर्नेछ। अधिकांश औषधि पसलहरूमा यो साबुनलाई हिबिक्लेन्स (Hibiclens)-को ब्रान्ड नाउँमा बेचिन्छ। तपाईंको शल्यक्रियाको एक दिन पहिले राति तथा फेरि शल्यक्रिया हुने दिन बिहान यो साबुनले आफ्नो घाँटीदेखि आफ्नो कम्मरसम्म धुनुहोस्। तपाईंले हेरकपल्ट स्नान गर्दा 4 आउन्स (½ कप वा 118 मिलिलिटर) CHG साबुनको उपयोग गर्नुहोस्।
- तपाईंको शल्यक्रिया हुने दिनको मध्यरात्रिदेखि पानी लगायत केही कुरो पनि नखानुहोस्, नपिउनुहोस्।
- तपाईंको शल्यक्रियाको बिहान तपाईंले आफ्ना औषधिहरू लिनुपर्नेछ वा पर्नेछैन, त्यसबारे आफ्नो डक्टरलाई सोध्नहोस्। खानु हो भने, केही घुट्की पानीका साथ खानुहोस्।
- तपाईंको शल्यक्रियाको कम्तीमा पनि 24 घण्टा पहिलेदेखि धूम्रपान नगर्नुहोस् साथै कुनै पनि तमाखु उत्पादको सेवन नगर्नुहोस्।

## During Surgery

- You will wear a hospital gown.
- An IV (intravenous) is put in a vein in your arm. Medicines to make you sleepy are given through the IV.
- Your neck or chest is cleaned. Men may have their chest hair clipped.
- The skin is numbed.
- The wire leads are put into a vein and guided into your heart using an X-ray.
- The wire leads are placed in your heart muscle.
- The other end of each wire is connected to the pacemaker.

## शल्यक्रियाको अवधिमा

- तपाईंले अस्पतालको गाउन लगाउनु हुनेछ।
- तपाईंको पाखुरोको नसामा एक IV (इन्ट्राभीनस्) लगाइनेछ। तपाईंलाई निद्रालु बनाउनको लागि IV (इन्ट्राभेनस, अन्तः शिराभ) मार्फत औषधिहरू दिइन्छन्।
- तपाईंको घाँटी वा छातीलाई सफा गरिन्छ। पुरुषहरूको छातीका भुल्लाहरूलाई काटिनेछ।
- त्वचालाई लट्ठ्याइनेछ।
- तारका लिडहरूलाई नसाभित्र हालेर एक्स-रेको उपयोगद्वारा तपाईंको हृदयसम्म पुर्‍याइन्छ।
- तारका लिडहरूलाई तपाईंको हृदयको मांसपेशीभित्र स्थापित गरिन्छ।
- हरेक तारको अर्कोपट्टिको टुप्पोलाई पेसमेकरसित जोडिन्छ।

- The pacemaker is placed in a small space under your skin.
- The incisions are closed with stitches under the skin that will dissolve. You may have narrow pieces of tape across the incisions called steristrips. These hold the skin layer together during healing. These will loosen and fall off in about 10 days. If the tape is not used, special glue may be used to close the incisions.

- पेसमेकरलाई तपाईंको त्वचा मुनि एक सानो स्थानमा राखिन्छ।
- यसको लागि लगाइएका चिरोहरूलाई त्वचा मुनि सिलाइ गेरर बन्द गरिन्छन् अनि ती सिलाइहरू त्यहीँ विलीन हुनेछन्। चिरोहरूको आरपार टेपका साना-साना हिस्साहरू लगाइन सकिन्छन् जसलाई स्टेरिस्ट्रिप्स भनिन्छ। यसले घाउ निको हुने अवधिमा त्वचाको सतहलाई एकसाथ मिलाएर राख्छ। लगभग 10 दिनहरू पश्चात् यी आफै खुकुलो हुनेछन् अनि झरेर जानेछन्। यदि टेपको प्रयोग गरिएन भे, चिरोहरूलाई बन्द गर्नको लागि विशेष ग्लू(गम)-को प्रयोग गर्न सकिन्छ।

## After Surgery In the Hospital

- An ice pack may be put on the sites.
- Your blood pressure, heart rate and incisions will be checked often. Your dressing will stay in place for 48 hours after your surgery.
- The head of your bed is raised. Do not lift your arm over your head on the same side where your pacemaker is placed.
- If you have discomfort, ask your nurse for pain medicine.
- You will have a chest x-ray to check your lungs and the pacemaker.
- Antibiotics are given in your IV to prevent infection.
- A nurse will explain how your pacemaker works, answer any questions and explain pacemaker checks.
- Ask your doctor when you can drive or go back to work.

## अस्पतालमा शल्यक्रिया पश्चात्

- शल्यक्रियाका स्थानहरूमा बरफ राखिन सकिन्छ।
- तपाईंको रक्तचाप हृदय गति, अनि चिरोहरूको बारम्बार जाँच गरिनेछ। तपाईंको शल्यक्रियापछिका 48 घण्टाहरूसम्म तपाईंको ड्रेसिङ्ग (घाउको पट्टी) यथावत रहनेछ।
- तपाईंको ओछ्यानको टाउकोपट्टिको हिस्सालाई माथि उठाइनेछ। तपाईंको पेसमेकर लगाइएको छेउपट्टिको आफ्नो पाखुरोलाई आफ्नो टाउकोभन्दा माथि नउठाउनुहोस्।
- यदि तपाईंलाई असुविधा भयो भने, पीडा हर्ने औषधिको लागि तपाईंको नर्सलाई भन्नुहोस्।
- तपाईंका फोक्सोहरू तथा पेसमेकरको जाँच गर्नको लागि तपाईंको छातीको एक्स-रे गरिनेछ।
- सङ्क्रमणको रोकथाम निम्ति तपाईंको IV मार्फत एन्टीबायोटिकहरू दिइनेछन्।
- नर्सले पेसमेकरको कार्य गर्ने तरिकाबारे व्याख्या गर्नेछन्, कुनै प्रश्नहरू भए त्यसका जवाफहरू दिनेछन् तथा पेसमेकरको जाँचहरू गर्ने विधिको व्याख्या गर्नेछन्।
- तपाईंले कहिलेदेखि गाडी चलाउनु सक्नुहुन्छ अथवा तपाईं कहिले काममा वापस फर्किन सक्नुहुन्छ, त्यसबारे तपाईंको डक्टरलाई सोध्नहोस्।

## Your Care At Home

You will not be able to feel your pacemaker working. You will be able to see and feel the outline of the pacemaker through your skin.

### Incision care

- Wash your hands well before and after touching your dressing or the incision.
- Remove the outer dressing 48 hours after your surgery. Do not remove the narrow pieces of tape across the incision. These tapes will loosen and come off on their own in 5 to 10 days.
- Do not rub the pacemaker site.
- Do not use lotion or powder on the incisions.

### Bathing

- Do not take a tub bath or shower for the first 5 days after surgery. The incisions must stay clean and dry. You may take a sponge bath, but do not get the incisions wet.
- You may shower or bathe on the 6th day but let the water gently run over the incision. Do not let the shower water directly hit the incision, and do not soak the incision under water in the bath. Gently pat the incisions dry with a clean towel.
- Avoid soaking the incision under water in a bath tub, hot tub or swimming pool until the site is healed, often about 14 days after surgery.

### Activity Limits

- Your doctor may tell you to limit certain activities for 7 to 14 days to allow your pacemaker site to heal.
- Use your arms but do not lift the arm on the side of the pacemaker above shoulder level. You can raise your arm to wash or comb your hair but avoid raising your elbow above your shoulder on your pacemaker side.

## घरमा तपाईंको हेरचाह

तपाईंले तपाईंको पेसमेकरले कार्य गरिरहेको अनुभव गर्न सक्नुहुने छैन। तपाईंले आफ्नो त्वचामा पेसमेकरको आकृतिलाई देख्न साथै त्यसलाई छाम्न वा अनुभव गर्न सक्नुहुन्छ।

### चिरोको हेरचाह

- तपाईंको पट्टी वा चिरोलाई स्पर्श गर्नुभन्दा पहिले अनि पछि आफ्ना हातहरूलाई राम्ररी धुनुहोस्।
- तपाईंको शल्यक्रियाका 48 घण्टाहरू पश्चात् बाह्य ड्रेसिङ्ग अर्थात् पट्टीलाई हटाउनुहोस् चिरोमा आरपार लगाइएका टेपका ससाना हिस्साहरूलाई नहटाउनुहोस्। 5-देखि 10 दिनहरूभित्र यी टेपहरू स्वतः नै खुकुलो हुनेछन् अनि झर्नेछन्।
- पेसमेकर लगाइएको स्थानलाई नदल्नुहोस्।
- चिरोमा कुनै प्रकारको लोशन वा पाउडरको उपयोग नगर्नुहोस्।

### नुहाउने तरिका

- शल्यक्रिया गरेछिका प्रथम 5 दिनहरूमा टबमा वा शावरमा स्नान नगर्नुहोस्। चिरो सफा साथै सुक्खा रहनुपर्छ। तपाईंले स्पोन्जको उपयोग गरेर स्नान गर्न सक्नुहुन्छ, तर चिरोलाई भिज्न नदिनुहोस्।
- तपाईंले 6टौं दिनमा शावर स्नान वा त्यसै स्नान गर्न सक्नुहुन्छ तर चिरोमाथिबाट पानीलाई अति नै हल्का बग्न दिनुहोस्। शावरको पानीलाई सोझै चिरोमाथि खस्न नदिनुहोस्, अनि स्नान गर्दा चिरोलाई पानी सोस्न नदिनुहोस्। एक सफा तौलियाले हल्का रूपमा थपथपाएर चिरोलाई सुक्खा पार्नुहोस्।
- शल्यक्रियाका लगभग 14 दिनहरू पश्चात् चिरो लगाइएको स्थान पूर्ण रूपले निको नभइञ्जेल, स्नान गर्ने टब, तातो पानीको टब वा स्विमिङपुल (पौडी-पोखरी)-मा चिरोलाई पानीमा डुबाएर नराख्नहोस्।

### गतिविधिहरूमाथि सीमा

- तपाईंको पेसमेकर स्थललाई निको हुन दिनको लागि तपाईंको डक्टरले 7-देखि 14 दिनहरूसम्म कतिपय गतिविधिहरूलाई सीमित तुल्याउनको लागि तपाईंलाई भन्न सक्छन्।
- आफ्ना पाखुरोहरूको उपयोग गर्नुहोस् तर पेसमेकर लगाइएको स्थानपट्टिको पाखुरोलाई काँधको स्तरदेखि माथि नउठाउनुहोस्। केश धुन वा कोर्नको लागि तपाईंले आफ्नो पाखुरोलाई उठाउन सक्नुहुन्छ तर पेसमेकर लगाइएको स्थानपट्टि आफ्नो कुइनोलाई आफ्नो काँधभन्दा माथि उठाउनबाट जोगिनुहोस्।

- Do not to push, pull or lift anything heavier than 10 pounds or 4 kilograms. A gallon of milk weighs about 8 pounds.
- Avoid vigorous exercise, contact sports and activities such as vacuuming, shoveling or washing windows.

Schedule an appointment with your doctor for follow-up care.

- 10 पाउन्ड वा 4 किलोग्रामभन्दा गह्रौं कुनै पनि वस्तुलाई नठेल्नुहोस्, नतान्नुहोस् अनि नउचाल्नुहोस्। एक ग्यालन दूधको ओजन लगभग 8 पाउन्ड हुन्छ।
- अधिक शक्ति लाग्ने व्यायाम, कन्ट्याक्ट स्पोर्ट्स तथा भेक्यूम मसिनले सफाइ गर्नु, फरुवा चलाउनु अथवा झ्यालहरू धुनु जस्ता गतिविधिहरूबाट टाढा रहनुहोस्।

फलो-अप सेवा-उपचार निम्ति तपाईंको डक्टरसित एपोएन्टमेन्टको समय मिलाउनुहोस्।

## Other Information

- Tell all your health care providers, including your dentist, that you have a pacemaker.
- Carry the ID card your doctor gave you. This card has information about your pacemaker.
- Stay away from large magnets and tools that may generate strong electrical fields, such as car ignition systems and electric arc welders because they may interfere with your pacemaker.
- Keep items that contain magnets at least 6 inches away from your pacemaker. This includes cell phones, MP3 players, magnetic therapy products, stereo speakers and hand held massagers.
  - Do not place cell phones or MP3 players in shirt pockets over the pacemaker.
  - Use cell phones on the opposite ear of where your pacemaker is placed. If you strap an MP3 player to your arm, use the arm opposite the pacemaker.
- It is safe to use household appliances like microwave ovens, computers, toasters, hair dryers and heating pads.
- You can safely pass through security at airports. Be sure to have your pacemaker ID card with you.

## अन्य जानकारी

- तपाईंको दन्त चिकित्सक लगायत तपाईंका सबै स्वास्थ्य सेवा प्रदाताहरूलाई तपाईंले पेसमेकर लगाउनुभएको छ भनी भन्नुहोस्।
- तपाईंको डक्टरले तपाईंलाई दिनुभएको आई डी कार्ड (पहिचान पत्र) बोक्नुहोस्। यो कार्डमा तपाईंको पेसमेकरबारे जानकारी दिइएको हुन्छ।
- कारका प्रज्वलन प्रणालीहरू अनि बिजुलीका आर्क वेल्डरहरू अर्थात् बिद्त चापद्वाराझलाइ गर्ने मसिन जस्ता शक्तिशाली विद्तीय प्रभाव भएको क्षेत्र उत्पन्न गर्ने विशाल चुम्बकहरू र औजारहरूदेखि टाढा रहनुहोस्।
- चुम्बकहरू भएका वस्तुहरूलाई तपाईंको पेसमेकरबाट कम्तीमा पनि 6 इन्चको दूरीमा राख्नहोस्। यसमा सेल फोनहरू, एम पी 3 प्लेयरहरू, चुम्बकीय चिकित्सासित सम्बद्ध उत्पादहरू, स्टिरियो स्पीकरहरू अनि हातले समातेर मालिस गर्ने उपकरणहरू सामेल छन्।
  - पेसमेकरको ठीक माथि भएको कमीजका गोजीहरूमा सेल फोनहरू वा एम पी 3 प्लेयरहरूलाई नराख्नहोस्।
  - सेल फोनहरूलाई तपाईंको पेसमेकर राखिएको विपरीत छेउपट्टिको कानमा उपयोग गर्नुहोस्। यदि तपाईंले एम पी 3 प्लेयरलाई आफ्नो पाखुरोमा फिताले बाँध्नहुन्छ भने, पेसमेकरको विपरीतमा रहेको पाखुरोको उपयोग गर्नुहोस्।
- माइक्रोवेभ ओभनहरू, कम्प्युटरहरू, टोस्टरहरू, हेयर ड्रायरहरू तथा हिटिङ्ग प्याडहरू जस्ता घरमा उपयोग गरिने उपकरणहरूको उपयोग गर्नु चाहिँ सुरक्षित छ।
- हवाईअड्डाहरूमा सुरक्षा जाँचहरूबाट तपाईं सुरक्षित निस्किन सक्नुहुन्छ। तपाईंको पेसमेकर आई डी कार्डलाई, निश्चित रूपमा, आफूसित बोक्नुहोस्।

## Call your doctor right away if you have:

- A temperature over 100.5 degrees F or 38 degrees C
- Redness, swelling or drainage around your incisions
- Tenderness around your pacemaker that gets worse
- An incision that opens up
- Swelling or color change to the skin of your arm or hand on the pacemaker side
- Thumping or jumping feeling in your chest or abdomen

## तपाईंलाई यीमध्ये कुनै समस्या हुन्छ भने तुरुन्तै डक्टरलाई कल गर्नुहोस्:

- 100.5 डिग्री फारेनहाइट वा 38 डिग्री सेल्सियसभन्दा अधिक तापमान
- तपाईंको चिरो लगाइएको वरिपरिको स्थान रातो हुनु, सुन्निनु वा त्यहाँबाट स्राव हुनु
- तपाईंको पेसमेकर वरिपरिको त्वचा कमलो वा कच्चा हुनु अनि स्थिति झनै नराम्रो हुँदै जानु
- यस्तो चिरो जो खोलिँदै जान्छ
- पेसमेकर लगाइएको छेउपट्टिको तपाईंको पाखुरो वा हातको त्वचा सुन्निनु वा त्यसको रङ्ग बद्लिनु
- तपाईंको छाती वा पेटमा कम्पन वा हल्लिएको अनुभव हुनु

## Call 911 right away if:

- You feel faint or are too dizzy to stand.
- You have chest pain.
- You have trouble breathing.

## निम्न अवस्थामा तुरुन्तै 911 मा फोन गर्नुहोस्:

- तपाईंले दुर्बलता वा रिँगटा लागेको अनुभव गर्नुहुन्छ जसले गर्दा उभिन गाह्रो हुन्छ।
- छातीमा पीडा हुनु।
- तपाईंलाई सास फेर्नमा कठिनाइ हुन्छ।

Talk to your doctor or nurse if you have any questions or concerns.

यदि तपाईंसित कुनै प्रश्नहरू वा चिन्ताहरू छन् भने आफ्ना डक्टर वा नर्ससित कुराकानी गर्नुहोस्।

© 2005 - February 14, 2021, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.